म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २६३ २०८१ साउन ३१ गते बिहीबार 15 August 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

## अचेत भेटिएकी राईको मृत्यु

हेटौँडाः चितवन जिल्लाको खैरहनी नगरपालिका-८, मगनीचोकमा अचेत अवस्थामा फेला परेकी महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा खैरहनी नगरपालिका-३, गोठश्वर बस्ने ३१ वर्षीया रविना राई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। मंगलबार बिहान १० बजेको समयमा राई मगनीचोकस्थित एक प्रतिक्षालयमा अचेत अवस्थामा फेला परेकी थिईन्। अचेत अवस्थामा फेला परेकी राईलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा उपचारको क्रममा बिहान ११ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। अनुसन्धानको क्रममा राईले अत्याधिक मादक पदार्थ सेवन गरेको पाइएको प्रहरीले जनाएको छ।

### हेटौँडा उपमहानगरको राजश्व वृद्धि विवाद

# बहुमत सदस्यले विशेष नगरसभा बोलाउन माग



*विशेष नगरसभा बोलाउन माग गर्दै नगरप्रमुखलाई बहुमत सदस्यको हस्ताक्षरसहित पत्र हस्तान्तरणपछि पत्रकार सम्मेलनमा बोल्नुहुँदै नगरसभा सदस्य तथा ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाका बहुमत नगरसभा सदस्यले विशेष नगरसभा बोलाउन माग गर्दै उपमहानगरपालिकामा निवेदन दर्ता गर ाएका छन्। राजश्वको दर वृद्धिसम्बन्धी व्यवस्था संशोधन गर्न आवश्यक देखिएको भन्दै नेकपा एमाले सम्वद्ध नगरसभा सदस्यहरुले बुधबार दिनको ४ बजे उपमहानगरपालिकामा निवेदन दर्ता गराएका हुन्।

नगर प्रमुखलाई सम्बोधन गर्दै विशेष नगरसभा आव्हान गर्न मागसहित ४८ जना सदस्यले नगर सभाको सदस्य सचिव समेत रहनुहुने प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई निवेदन हस्तान्तरण गरिएको छ। नगरप्रमुख मीना कुमारी लामा काठमाडौं रहनुभएकोले नगरसभा सदस्यहरुले प्रमुख प्रशासकीय अधिकृतलाई निवेदन बुझाएका हुन्। नगरसभाका एकतिहाई सदस्यले विशेष सभा बोलाउन माग गरेर निवेदन दर्ता गराएको १५ दिनभित्र नगरप्रमुखले नगरसभा बोलाउनु पर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा छ।

नगरसभा आव्हानको माग गर्दै प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन हस्तान्तरणपछि नगरसभा सदस्यहरुले पत्रकार सम्मेलन गरेका थिए। पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै नगरसभा सदस्य एवम् हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले व्यवसायी र नगरवासीले राजश्वको दर वृद्धिको विषयमा विरोध गर्दै आन्दोलनमै पुगेपछि समस्या समाधानका लागि विशेष नगरसभा बोलाउन माग गरिएको बताउनुभयो।

नगरवासी, व्यवसायीको व्यापक विरोध भएर आन्दोलनमै गइसकेको सन्दर्भमा नगरप्रमुख र उपप्रमुखकै तहबाट समस्या समाधानको प्रयास हुनुपर्ने विपरित पछिल्लो नगर कार्यपालिकाको बैठकमा व्यवसायीलाई आश्वासन दिएर पनि नगरप्रमुख, उपप्रमुख व्यवसायीका मागका विषयमा छलफल समेत गर्न अनिच्छुक देखिएपछि नगरसभा सदस्यको रुपमा आफूहरु विशेष नगरसभा आव्हान गर्न बाध्य भएको वडाअध्यक्ष सिग्देलको भनाइ छ। हिजो राजश्वको दर निर्धारण गर्ने विषयमा उपप्रमुख संयोजकत्वको राजश्व परामर्श समिति र बजेट समिति हुँदै कार्यपालिका बैठक र नगरसभामा समेत स्पष्ट जानकारी नगराई बजेट र आर्थिक ऐन पारित भएको सिग्देलको जीकिर छ।

"कार्यपालिका र नगरसभाको सदस्यको रुपमा नगरप्रमुख र उपप्रमुखलाई विश्वास गर्दा अस्वभाविक र अनपेक्षितरुपमा करको दर बढाइएको पाइयो, यसमा हामी पनि जिम्मेवार छौं। नगरवासी, व्यवसायीले विरोध गरेपछि सच्याउनुपर्ने अवस्था देखियो र सच्याउन अग्रसर भएका छौं" सिग्देलले भन्नुभयो, "हामीले हिजोका दिनमा जस्तै नगरप्रमुख र उपप्रमुखलाई विश्वास गरेर निर्णयमा हस्ताक्षर गरेका हौं। तर, स्पष्टरुपमा भन्नुपर्छ हामीले के के निर्णय भयो भन्ने समेत थाहा पाउने अवस्था रहेन।"

नेपालको संविधानको धारा २२२ देखि २२७, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ को उपदफा ३, बागमती प्रदेश सरकारले बनाएको गाउँ, नगर, जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन २०७५ को दफा ३ को उपदफा ३ र दफा २३ को (ग), (घ), (ञ) र (ट) तथा हेटौँडा उपमहानगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि २०७४ को दफ ३ बमोजिम विशेष नगरसभा बैठकको आव्हान गरिएको निवेदनमा उल्लेख छ।

राजश्वको दर वृद्धि गर्ने विषयमा स्थानीय सरकारबाट भएको निर्णयमा विरोध भएपछि सच्याउने र सुधार गर्ने उपयुक्त बाटो नै नगरसभा भएकोले विशेष नगरसभा बोलाउन आग्रह गरिएको अध्यक्ष सिग्देलले बताउनुभएको छ। हेटौँडा उपमहानगर सभामा ९४ जना सदस्य छन्। नेकपा एमाले सम्वद्ध नगरसभा सदस्य ५४ जना छन्।

# कर वृद्धिको विरोधमा व्यवसायीद्वारा धर्ना सुरु




*बुधबार हेटौँडा उपमहानगरपालिका अगाडि धर्नामा बसेका व्यवसायीहरु ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले विभिन्न क्षेत्रमा राजश्व वृद्धि गरेको विरोधमा व्यवसायीले हेटौँडा उपमहानगर पालिकामा धर्ना दिन सुरु गरको छ। पहिलो चरणको आन्दोलन अन्तर्गत तेस्रो दिन बुधबार बिहान १० बजेदेखि ११ बजेसम्म हेटौँडा उपमहानगरपालिकाको मूलगेट अगाडि धर्ना दिन सुरु गरेको हो।

वृद्धि गरेको करको दर खारेज गर्न माग गर्दै उपमहानगरपालिकाको मूलगेट अगाडि नाराबाजी गरेका छन्। हेटौँडा-२ स्थित पल्पसा सदनबाट कालो व्यानर बोकेर ऱ्यालीसहित धर्ना दिन उपमहानगर पालिकाको मूलगेट पुगेका थिए। प्लेकार्डसहित ऱ्यालीमा सहभागीले स्थानीय सरकारको खर्चको पारदर्शिता, उपभोक्ता समितिमार्फत भइरहेको काममा अनियमितता भइरहेको आरोप समेत व्यवसायीले लगाएका छन्।

हेटौँडा उपमहानगरपालिकाले व्यवसाय कर, घरभाडाको आधार दर, एकीकृत सम्पत्ति कर, विज्ञापन करमा अस्वभाविकरुपमा राजश्वको दर बढाएको भन्दै व्यवसायीले बढाइएको करको दर खारेज गर्न माग गरेका छन्। धर्नाको समापन गर्नुहुँदै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताले राजश्वसम्बन्धी निर्णय प्रक्रियामा उपमहानगरले त्रुटी गरेको दावी गर्नुहुँदै जायज र स्वभाविक कर तिर्न व्यवसायी तयार रहेको बताउनुभयो।

आर्थिक मन्दी, व्यापारमा शून्यता, बैंकको साँवा, व्याज भुक्तानीमा भइरहेको समस्या जस्ता चौतर्फी मारमा परेका व्यवसायीको साथ र सहयोगका लागि अभिभावकत्व निर्वाह गर्नुपर्ने स्थानीय सरकारले उल्टै करको दर बढाएर व्यवसायीलाई थप मारमा पार्ने प्रयास गरेको अध्यक्ष गुप्ताले आरोप लगाउनुभयो। मकवानपुर उद्योग वाणिज्य संघको समन्वय र सहजीकरणमा तेस्रो दिनको आन्दोलनको संयोजन मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले गर्नुभएको थियो।

व्यवसायीले चौथो दिनको आन्दोलनको कार्यक्रमअन्तर्गत आज बिहिबार हेटौँडा उपमहानगर सरकारलाई खोज्दै बिहान १० बजे मैनबत्ती जुलुससहित उपमहानगरपालिकामा धर्ना दिन जाने कार्यक्रम रहेको छ। चौथो दिनको आन्दोलनको कार्यक्रम संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाटले संयोजन गर्नुहुने बताइएको छ।

# पालिकाले राजश्वको दर संशोधन गर्न सक्छः संघीयताविज्ञ देवकोटा

समाज संवाददाता

हेटौँडाः संघीयताविज्ञ डा. खिमलाल देवकोटाले राजश्वको दरलाई पालिकाले सभाबाट घटाउन सक्ने बताउनुभएको छ। पालिकाले लागु गरेका राजश्वका दरमा हेरफेर गर्न आवश्यक देखिए सभामार्फत हेरफेर गर्न सकिने देवकोटाले बताउनुभयो।

बागमती प्रदेश सरकारको नीति तथा योजना आयोगका संस्थापक उपाध्यक्ष, राष्ट्रिय सभाका पूर्वसदस्य समेत रहनुभएका डा. देवकोटाले समृद्ध समाजसँग कुराकानी गर्नुहुँदै स्थानीय सरकार आफैं सरकार भएकोले आफूले गरेका निर्णयलाई आवश्यकताअनुसार संशोधन गरेर अगाडि बढ्न सक्ने स्पष्ट पार्नुभयो। संघीय सरकारले पनि कतिपय सन्दर्भमा राजश्वका दरहरु हेरफेर गर्न संसदबाट विधेयक प्रस्तुत गरी निर्णय



गराउने गरेको उल्लेख गर्नुहुँदै स्थानीय सरकारको संसद भनेको सभा भएकोले सभाले निर्णय गर्न सक्ने स्पष्ट पार्नुभयो।

पालिकाको उपप्रमुख वा उपाध्यक्ष राजश्व तथा बजेटसम्बन्धी समितिको संयोजक हुने भएकोले राजश्व परामर्श समिति, बजेट समितिमार्फत कार्यपालिका हुँदै नगरसभामार्फत निर्णय भएका विषयमा विवाद भए, कार्यान्वयन गर्न समस्या भए पुनः कार्यपालिका हुँदै सभामार्फत संशोधन गर्न सकिने डा. देवकोटाले स्पष्ट पार्नुभयो। स्थानीय शासन सञ्चालन ऐनमा सभा सामान्यतः वर्षमा दुईपटक बस्न सक्नेछ भन्ने व्यवस्थाले दुईपटक मात्रै भन्ने नबुझाई आवश्यकताअनुसार सभा बेलाउन सकिने उहाँको भनाइ छ।

यता हेटौँडा उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत भने राजश्वको दरको विषयमा विवाद हुँदा नगरसभा नै बोलाउन नमिल्ने, राजश्वका दर परिवर्तन गर्नै नसक्ने भनेर पन्छिरहेको छ। व्यवसायी भने चरम मन्दीका बीच व्यवसायीमाथि स्थानीय सरकारले चर्को राजश्वको दर बढाउने, घरबहालको नयाँ आधार दर बढाउने, विज्ञापन करको दर बढाउने काम गरेको भन्दै आन्दोलित छन्।

# सरकारको अनुभूति गराउने पहिलो अंग प्रहरी प्रशासनः मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले नागरिकले सरकारको प्रत्यक्ष अनुभूति गर्ने राज्यको पहिलो अंग प्रहरी प्रशासन भएको बताउनुभएको छ। नागरिकलाई राज्यबाट प्रदान गरिने पहिलो सेवा प्रहरी सेवा नै भएको उहाँले बताउनुभएको हो।

बुधबार बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाको नवनिर्मित भवनको उद्घाटन गर्दै मुख्यमन्त्री लामाले नागरिकले आफूबाट समस्या समाधान नभएपछि राज्यको सहयोगको अपेक्षा गर्ने बताउनुभयो। प्रहरीको व्यवहारबाट समग्रमा राज्यप्रति नागरिकको धारणा तय हुने उहाँको भनाइ छ।

'मूलतः देशमा शान्ति सुरक्षा र अमनचयन कायम गर्ने काम भए पनि प्रहरीले त्यसबाहेक विपद्बाट उद्दार, लागूपदार्थ कारोबार रोकथाम, अपराध अनुसन्धानलगायतको काममा निरन्तर खटिँदै आएको छ', मुख्यमन्त्री लामाले भन्नुभयो- 'प्रदेश सरकारको स्थापनासँगै प्रदेश प्रहरीलाई प्रभावकारी र व्यवस्थित बनाउन निरन्तर अभिभाकत्वको भूमिका निर्वाह गर्दै आएको छ।' प्रहरीको भौतिक पूर्वाधार विकास एवम् साधन स्रोत सम्पन्न बनाउन सुरुवातदेखि नै प्रदेश सरकारले भूमिका निर्वाह गरिरहेको उहाँको भनाइ छ।

प्रहरी संगठनको पूर्वाधार विकासबाट सेवा थप सहज र प्रभावकारी हुने मुख्यमन्त्री लामाको भनाइ छ। प्रदेश सरकारबाट हालसम्म ७१ वटा भौतिक संरचनामा बजेट विनियोजन गरी ६५ वटा निर्माण सम्पन्न गरेको र ६ वटा निर्माणाधीन अवस्थामा रहेको उहाँले बताउनुभयो।

### संविधान अनुरूपको अधिकार प्रत्यायोजन हुन सकेनः मन्त्री लामिछाने

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले संविधानको व्यवस्था अनुरुपको अधिकार प्रत्यायोजन र कार्यान्वयन हुन नसकेको बताउनुभएको छ। उहाँले संविधानका व्यवस्थाहरु कार्यान्वयनका लागि कानुनी रुपरेखा निर्धारण जरुरी रहेको औंल्याउनुभयो।

बुधबार बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाको नवनिर्मित प्रशासकीय भवनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री लामिछानेले संविधान कार्यान्वयन र अधिकार प्रत्यायोजनमा राजनीतिक नेतृत्व, नीति निर्माण तहमा रहने सांसदहरु बढी जिम्मेवार हुनुपर्ने बताउनुभयो। संघीयताको सफल कार्यान्यवन गर्न पनि प्रदेश प्रहरी सम्बन्धमा सबै गम्भीर हुन जरुरी रहेको उहाँको भनाइ छ।

'प्रहरी संगठन प्रभावकारी हुन कानुन, नीति, कार्यभार, रणनीति, योजना स्पष्टरुपमा परिभाषित हुनुपर्दछ। संघीय प्रहरी ऐन नआइसकेको अवस्थामा प्रदेश प्रहरी सम्बन्धमा केही दुविधाजस्तो भएको छ', मन्त्री लामिछानेले भन्नुभयो- 'शान्ति सुरक्षामा प्रतिबद्ध प्रहरी संगठन भित्र केही समस्याहरु रहेको छ। प्रहरी संगठनमा ज्ञान र सीप विकासका सिमितता रहेको गुनासो छ।'

मन्त्री लामिछानेका अनुसार जीर्ण संरचना, आधारभूत आवश्यकताका संरचनाहरु अभाव, साँघुरो ब्यारेक, संरचनाको सिमिततामा रहेर सेवा प्रदान गर्नुपर्ने जटिलताले प्रहरी संगठनलाई गाँजेको छ। समयानुकूल बढुवा नहुने तथा सुनिश्चिता नहुँदा प्रहरी कर्मचारीमा नैराश्यता समेत पैदा गराएको उहाँको भनाइ छ। तल्लो तहमा कार्यरत प्रहरी कर्मचारीहरुले जागिर छोड्ने र सेवा प्रवेशमा देखिएको कमीले चिन्तित बनाएको उहाँले बताउनुभयो।

वर्तमान अवस्थामा प्रविधिको प्रयोग गरी हुने अपराधहरुले सबैभन्दा ठूलो चुनौती देखिएको उहाँले बताउनुभयो। 'एकातर्फ,

...बाँकी पृष्ठ ३ मा

सम्पादकीय

# बजेट खर्च सुधारोन्मुख

मुलुकको तीनै तहको सरकारको बजेट खर्च कमजोर बनिरहेको अवस्थामा बागमती प्रदेश सरकारको बजेट खर्च भने सुधारोन्मुख बन्दै गएको छ । सरकारले आर्थिक वर्ष सुरु हुनुभन्दा अघि नयाँ आर्थिक वर्षका लागि बजेट विनियोजन गरी पारित गर्दछ । यस्तो बजेटमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थापन गरी मुख्य तीन शीर्षक हुने गर्दछ । सरकारको दैनिक प्रशासनिक कामका लागि खर्च गरिने बजेट चालु वा साधारण हो । विकास निर्माणका काममा खर्च गरिने बजेट पुँजीगत शीर्षकको हुन्छ भने सरकारले लिएको ऋणको साँवा, ब्याज भुक्तानीका लागि छुट्याइएको बजेट वित्तीय व्यवस्थापनअन्तर्गत् पर्दछ । यी तीन शीर्षकको बजेटमध्ये पनि संघीय सरकार, अधिकांश प्रदेश तथा स्थानीय सरकारले पुँजीगत बजेट खर्चको अवस्था निराशाजनक बन्दै गएको छ । विनियोजन गरिएको बजेट खर्चको अवस्था कमजोर बन्दा सरकारले गर्नुपर्ने र गर्न खोजेको काम सम्पन्न नहुने समस्या बढ्दै गएको छ ।

सुरुवातका वर्षहरुको तुलनामा बागमती प्रदेश सरकारको बजेट खर्चको दर वृद्धि हुँदै गएको छ । गत आर्थिक वर्षमा खर्च प्रणालीमा तुलनात्मकरुपमा सुधार देखिएको छ । विगतका आर्थिक वर्षहरुमा औसत करिब ६४ प्रतिशत बजेट खर्च गरेर वित्तीय प्रगति हासिल गरेको प्रदेश सरकारले गत आर्थिक वर्ष २०८०/०८१ मा ७६ दशमलब ८३ प्रतिशत बजेट खर्च गरेको हो । प्रदेश गठन भएदेखि नै बजेट कार्यान्वयन सुस्त देखिएको बागमती प्रदेशको गत आर्थिक वर्षमा खर्च प्रणालीमा केही सुधार देखिएको छ । विगत ७ वर्षको तुलनामा गत आर्थिक वर्षमा प्रदेश सरकारले सबैभन्दा बढी खर्च गरेको हो । गत आर्थिक वर्षको अन्त्यसम्म प्रदेश सरकारले पुँजीगततर्फ ७९ दशमलब ४७ प्रतिशत र चालुतर्फ ६५ दशमदलब १४ प्रतिशत खर्च गरेको छ । बागमती प्रदेश सरकारले गत आर्थिक वर्षका लागि ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँ बजेट विनियोजन गरेकोमा ४५ अर्ब ६७ करोड रुपैयाँ खर्च गरेको हो ।

प्रदेश सरकारले अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा कुल विनियोजित बजेटको ६६ दशमलब ०६ प्रतिशत बजेट खर्च गरेको थियो । उक्त आर्थिक वर्षका लागि ७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार रुपैयाँको बजेट विनियोजन गरेकोमा ४६ अर्ब ८६ करोड २० लाख रुपैयाँ खर्च गरेको थियो । आर्थिक वर्ष २०७८/२०७९ मा प्रदेशको कुल बजेटको ६५ दशमलब ८३ प्रतिशत खर्च भएको थियो । सो वर्ष विनियोजित ५७ अर्ब ७२ करोड रुपैयाँमध्ये प्रदेश सरकारले ३८ अर्ब रुपैयाँ खर्च गरेको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा प्रदेश सरकारले ६९ प्रतिशत बजेट खर्च गरेको थियो । उक्त आर्थिक वर्षमा प्रदेशले ५१ अर्ब ४२ करोड ७५ लाख रुपैयाँको बजेट सार्वजनिक गरेकोमा ३५ अर्ब ५९ करोड रुपैयाँ खर्च गरेको थियो । आर्थिक वर्ष २०७६/०७७ मा जम्मा ५८.७१ प्रतिशत बजेट खर्च भएको थियो । ४७ अर्ब ६१ करोड रुपैयाँको विनियोजित बजेटमध्ये २७ अर्ब ९५ करोड रुपैयाँ खर्च गरेको थियो । प्रदेश सरकारको पहिलो आर्थिक २०७५/२०७६ मा ल्याएको बजेटको जम्मा ६० प्रतिशतमात्र खर्च भएको थियो ।

महत्वाकांक्षी योजना तथा कार्यक्रम समावेश गरी बजेट बनाउने र बजेट परिचालन कमजोर हुने गरेकै कारण सरकारले पर्याप्त बजेट खर्च गर्न नसकेको हो । ठूलो आकारको बजेट बनाएर महत्वकांक्षी योजना अघि सार्दा सरकारले योजना कार्यान्वयनमा समस्या भोग्नु परिरहेको छ । राजनीतिक अस्थिरता र विकास निर्माणका काममा ढिलासुस्ती हुँदा बजेट खर्च कमजोर र निराशाजनक बन्दै आएको छ । विगतको तुलनामा गत आर्थिक वर्षमा प्रदेश सरकारको बजेट खर्चको दर सुधारोन्मुख देखिएको छ । प्रदेश सरकारले योजना छनोट र बजेट विनियोजन प्रणालीमा केही सुधार गरेकै कारण बजेट खर्च सुधारोन्मुख देखिएको हो । विनियोजित बजेटको एक चौथाईभन्दा बढी खर्च गर्न नसकेको प्रदेश सरकारले आगामी दिनमा प्रभावकारी बजेट परिचालन गर्दै शत प्रतिशत वित्तीय प्रगति हासिल गर्नेतर्फ केन्द्रित हुनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : यात्रा योग र यसबाट लाभ प्राप्त हुने समय छ ।
**वृष** : अध्ययन अध्यापनका काममा सरिक भइनेछ ।
**मिथुन** : दान-पुण्यका क्षेत्रमा खर्च बढ्ने समय योग छ ।
**कर्कट** : महत्वपूर्ण काम सिद्धि हुने समय योग रहेको छ ।
**सिंह** : परीक्षा प्रतियोगितामा सरिक भइने समय छ ।
**कन्या** : पद प्रतिष्ठामा वृद्धि हुने समय योग छ ।
**तुला** : संकट र जोखिम हल गर्न सकिने समय छ ।
**वृश्चिक** : आकस्मिक घुमघाम हुने समय योग छ ।
**धनु** : कीर्ति र प्रतिष्ठामा बढावा हुने समय छ ।
**मकर** : ज्ञान र प्रज्ञा बढाउने समय योग छ ।
**कुम्भ** : आवेगलाई नियन्त्रण गरेर अगाडि बढ्दा राम्रो ।
**मीन** : नियमित काम-धन्दामा असर पर्ने समय छ ।

## माशिप (एसईई)को नतिजा वरिपरि

# दोष थोपार्ने तगारी

**सारमा जहाँ पढाइ नियमित हुन्छ । त्यहाँ नतिजा राम्रो हुन्छ । जहाँ पढाइ नियमित हुन्न त्यहाँ नतिजा बिग्रिन्छ । विषयगत नतिजा यस्तै हुन्छ । पठनपाठनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले नकारात्मक प्रभाव पार्ने सबै पात्र प्रवृत्ति घटना, परिघटना खराब शैक्षिक नतिजाका दोषी हुन् ।**



✍ ऋषिराम पोखरेल 'बकिमहे'

अरु बेला कानमा तेल हालेर मरिमस्तसँग सुतिरहेका सरोकारवालाहरु माध्यमिक शिक्षा परीक्षाको नतिजा आउना साथ कोको होलो मच्चाउन थाल्छन् । किनकि अधिकांश सामुदायिक विद्यालयमा अनुत्तीर्ण विद्यार्थीको संख्या उत्तीर्ण हुनेको भन्दा कता हो कता बढी हुन्छ । कतै कतै त पास हुनेको संख्या एक जना पनि भेटिन्न । यसको कारण खोजेर त्यसलाई हटाउने कष्ट गर्ने कोही फेला पर्न मुश्किल हुन्छ । बरु चाहिने नचाहिने तर्कको खेती गर्दै शिक्षामा सक्रिय एउटा पक्षले अर्को पक्षलाई सकेसम्म ठूलो पारेर दोषको पगरी गुथाउँछ । जस जति आफूतिर तान्ने र दोष जति ठेलमठेल गरेर अर्काको थाप्लोमा थोपर्ने प्रतिस्पर्धा नै चल्छ । निर्जीव पाठ्यपुस्तक र पाठ्यक्रम देखि लिएर सजीव शिक्षक, प्र.अ, विद्यार्थी, विब्यस, सिअसं, अभिभावक, जनप्रतिनिधि, प्रशासक मात्रै होइन सरकारले समेत दोषको घानमा पर्नु पर्छ । आफ्ना कमी कम्जोरी के के रहे कसैले हेर्दैन । अरुलाई दोष थुपारेर सबै पानी माथिको ओभानो हुन खोज्छन् । अरुका कुरा कसैले सुन्दैनन् । एक पक्षको कुरा अर्को पक्षले सुन्दै नसुनेपछि सबै सरोकारवालाहरु अन्तमा कराउँदा कराउँदै थकित हुन्छन् र चुपचाप लाग्छन् । फेरि नतिजा त्यस्तै भएर आउँछ । सरोकार वालाहरु फेरि पनि कराउँछन् । केही समय पछि थाकेर फेरि शान्त हुन्छन् । निरन्तर विद्यमान यो गोलचक्कर भङ्ग हुने अवस्था अहिलेसम्म देखिएको छैन । यो चक्कर पहिले थियो, अहिले पनि छ । वर्तमान चालचलन हेर्दा यो क्रम पछि पनि रहला जस्तो देखिन्छ ।

विद्यार्थी फेल भएपछि त्यसको दोष को मूख्य भूगालो सर्वप्रथम शिक्षक तिर सोभिन्छ । किनकि विद्यालयमा उनीहरुको नियुक्ति नै विद्यार्थीलाई पढाउनकै लागि भएको हो । मात्रै तलब खाने मानिस अरु कोही नभेटेर होइन । त्यसैले विद्यार्थी फेल भए भने अभिभावकहरु शिक्षकलाई नै पहिला झम्टिन्छन् । शिक्षकले पढाएनन् भन्ने उनीहरुले लगाएको आरोप लाई खण्डन गर्न सबैलाई ठूलै बल पर्छ । पढाउनु भन्नाले कक्षा कोठाभित्र छिरेर शिक्षकले एकोहोरो बोल्नु मात्रै होइन । पढाउनु भनेको कक्षा कोठाभित्र हुने शिक्षक विद्यार्थी बिच अन्तरक्रियात्मक क्रियाकलाप हो । जसले कुनै पाठ्यवस्तु सिक्न वा बुझ्न सम्भव गराउँछ । विद्यार्थीले बुझ्ने भाषामा विषयवस्तुको प्रस्तुतिकरण गर्नु, उपयुक्त उदाहरण दिएर वा शैक्षिक सामग्री सहित ब्याख्या गर्नु, कक्षा कार्य गराउनु, आवश्यक भए गृहकार्य पनि दिनु, समय समयमा परीक्षा लिएर कपी परीक्षण गरी पृष्टपोषण दिनु पनि पढाउनु नै हो । कमजोर सिकाइ क्षमताका विद्यार्थीलाई अतिरिक्त तथा उपचारात्मक शिक्षण गर्नु पनि शिक्षकको दायित्व भित्र पर्छ । कमजोर सिकाईका विद्यार्थीको पहिचान समयमै गरेर शिक्षकले उनीहरुको क्षमता विकासको लागि रणनैतिक कार्ययोजना तयार गरी लागु गर्ने हो भने पनि उत्तीर्णको संख्या बढाउन सकिन्छ । समयमै कोर्ष पुरा गरेर शिक्षकले विद्यार्थीलाई पुनर्वल दिन सक्नु पर्छ तर कक्षामा नजाने, गए पनि ढिलो गर्ने, पुरै समय नपढाउने, मोबाइलमा लामो समयसम्म अरुसँग कुराकानी गर्ने, पढाउनुको सट्टा कक्षा कोठाभित्र मोबाइल खेलेर बस्ने, पढाइ छोडेर "दाई" "भाउजु" "काका" "बा" कहा आशिर्वाद लिन जाने गर्दा, कोर्ष पुरा हूदैन र अनुत्तीर्णको संख्या बढ्छ । मन्त्री हुँदा माननीय सुमना श्रेष्ठले एउटा राम्रो कामको थालनी गरेकी थिइन् । धेरै शिक्षकहरुले दलको सक्रिय सदस्यताबाट राजिनामा दिएको लोकप्रिय समाचार भाइरल भएको थियो । तर त्यो राजिनामा कागजमा मात्रै सीमित भयो कि मनभित्र पनि छ ? हेर्न बाँकी छ ।

खाली कुर्सी भेट्नु मात्रै पर्छ । कतिपय गुरुबाआमाहरु शिक्षक कोठाबाट बाहिर निस्किन मन गर्दैनन् । घण्टीको आवाजले वहाँहरुको निन्द्रा खुल्दैन । कसैन कसैले कुर्सीबाट उप्काएर वहाँहरुलाई कक्षा कोठासम्मको बाटो देखाउँन अघि सर्नैपर्छ । विद्यालयमा कसले के काम गर्ने हो त्यो भन्नलाई एकजनाको मुख चाहिन्छ । त्यसकारण हरेक विद्यालयले शिक्षकहरु मध्येबाट एक जनालाई विशेष मानमर्यादा, सुविधा र भत्ता दिएर प्रअ तोकेको हुन्छ । प्रअ बिना विद्यालय नेतृत्व विहिन हुन्छ । नरम सोफामाथि अपानबायु छोडेर मात्रै पदावधि काट्न प्रअ चाहिएको होइन । जिम्मेवारीको हिसाबले प्रअ नै विद्यालय सम्बन्धि उठेका हरेक जटिल प्रश्नको उत्तरदायी हुन्छ । त्यसैले शैक्षिक परीक्षाको नतीजा निस्केको केही दिनसम्म प्रअलाई स्कूलमा देखिन मुश्किल पर्छ । घण्टी लागेपछि गुरुबाआमालाई दैनिक कार्यतालिका अनुसार कक्षा कोठा भित्र हुल्न मात्रै होइन कक्षा के कसरी चलेको छ ? त्यसको निरीक्षण र सुपरिवेक्षण गर्नु पनि प्रअ कै काम हो । शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय सबैसँग समन्वय गरेर विद्यालयमा उपयुक्त शैक्षिक वातावरण कायम गर्नु प्रअ कै जिम्मेवारी भित्र पर्छ । शैक्षिक उपलब्धि बढाउनको लागि रणनीति तयार गर्नु, शिक्षकहरुसँगको सहकार्यबाट वार्षिक कार्यतालिका निर्माण गरी समय मैं कार्यक्रम सम्पन्न गर्नु, खाली भएको कक्षाहरुमा सट्टा शिक्षक पठाउनु, आवश्यक शैक्षिक सामाग्री व्यवस्था गर्नु, विद्यार्थीलाई अनुशासन सिकाउनु, अनावश्यक रुपमा बाहिर निस्कने विद्यार्थीहरुलाई कक्षा कोठाभित्र पठाउनु, विद्यालयको सम्पत्ति, खानेपानी, शौचालय, खाजाघर रेखदेख गर्नु, छात्राहरुका लागि स्यानीटरी प्याडको व्यवस्था गर्नु तथा पठनपाठनमा बाधा पुऱ्याउने सबै व्यवधानहरु हटाउनु प्रअको जिम्मेवारी हो । एउटा शिक्षकले उसको विषयको जिम्मेवारी लिन्छ भने प्रअले विद्यालयको समग्र सपार-बिगारको जिम्मेवारी लिनु पर्छ । कुनै पनि विद्यालय सफल बन्नको लागि प्रअको भूमिका महत्वपूर्ण हुन्छ । प्रअको प्रभावकारीता विद्यालयको शैक्षिक नतिजाले देखाउछ, त्यसैले शैक्षिक नतिजा खस्कियो भने त्यसको दोष सबैभन्दा बढी प्रअले नै पाउँछ ।

विद्यालयको नतिजा खस्किदा दोष पाउने अर्को समुदाय पनि छ । त्यो हो विद्यार्थी । मावि तहका विद्यार्थीको उमेरले आत्मनिर्भरता बिनाको स्वतन्त्रता र निरपेक्ष सुखको कामना गर्छ । त्यसैले विदाको सुचना शिक्षकले सुनाउँदा विद्यार्थीहरु खुसी भएर कराउँछन् उफ्रिन्छन् । किनकि उनीहरुलाई पढाइ भन्दा बिदा मन पर्छ । उनीहरुलाई मन लागेपछि जस्तो सुकै काम गर्न पनि तयार हुन्छन् । पढाइमा रुचिहिन अधिकांश विद्यार्थीहरु गायन, नृत्य र खेलकुदमा कति सिपालु हुन्छन् ? किनकि उनीहरुलाई ती क्रियाकलापहरु पढाइभन्दा बढी मनपर्छ । किताब हेर्न अघि नसर्ने केटाकेटीहरु मोबाइल हातमा परेपछि जति भोकलाग्दा पनि बाबुआमाले बोलाउँदा तुरुन्तै खान पनि आउँदैनन् । किनकि मनपरेको काममा धेरै लगाव हुन्छ । केही विद्यार्थीहरुको अध्ययनप्रति अरुची, अनुशासनहिनता र अनियमिततालाई देखाएर केही शिक्षकहरु आ-आफ्ना भागमा परेका दोष बढार्न खोज्दछन् । तर यो बहाना तार्किक हुँदैन । किनकि अध्ययनप्रति रुचिहिन र अनियमित विद्यार्थी अरु विषयमा चाहिं कसरी पास भयो ? नर्सरी कक्षामा भर्ना भएर त्यही विद्यालयको कक्षा १० मा पुगेको विद्यार्थीले कहाँबाट अनुशासन सिक्यो ? यस्ता प्रश्न जति पनि उठ्न सक्छन् । बरु निष्कृय विद्यार्थीहरु फेल हुन सक्छन् । किनकि एउटा निष्कृय विद्यार्थीलाई सिकाउँन सकिन्न, घोडालाई नदीतिर लैजान सकिन्छ तर त्यसले नचाहेसम्म त्यसलाई पानी खुवाउन सकिन्न । त्यसैले शिक्षकले उसलाई सिक्न तयार बनाउनु पर्छ । नत्र पर्खाललाई साढे लगाएर बाछो खोजे जस्तै हुन्छ । विद्यार्थीले सुनेर, देखेर र गरेर कुनै पनि कुरा सिक्ने हुन् । शिक्षकले पढाउने नाममा बोलिरहने र विद्यार्थीले निष्क्रियतापूर्वक सुनिरहनेलाई पढाई भनिँदैन । पढाई हुनको लागि सिकारु पनि सक्रिय हुनु पर्छ । शिक्षकले उसलाई सक्रिय बनाउनु पर्छ । बुझ्न खोज्नु भन्दा याद गर्नु, पाठ्यवस्तु नबुझ्दा पनि चुपचाप बस्नु, कक्षामा पढाई नहुँदा कतै गुनासो नगर्नु, पढाई हुँदा भन्दा नहुँदा खुसी मान्नु, प्रायः कक्षा छोडेर भाग्नु, कक्षा कार्यमा सक्रिय नहुनु शिक्षकले पढाएकोमा ध्यान नदिनु, निष्क्रिय सिकारुको लक्षण हो । विद्यार्थी निष्क्रिय सिकारु भए भने नतिजा बिग्रिनु निश्चित हुन्छ ।

अभिभावकहरु पनि दोषबाट उम्किन मिल्दैन । अभिभावकका लागि केटाकेटी सबैभन्दा महत्वपूर्ण सम्पदा हुन । केटाकेटीले पढाइमा राम्रो गरे भने अभिभावकका लागि बुढेसकालमा राम्रा साहारा बन्छन् । नत्र जीवनमा एउटा ठूलो बोझ थपिन्छ । कतिपय अभिभावकहरु आफ्ना केटाकेटीको पढाई कस्तो छ ? बुझ्नको लागि कहिले पनि स्कूल जाँदैनन् । बालबालिकालाई स्कूल गेटभित्र हुल्ने बित्तिकै आफ्नो कर्तव्य पुरा भएको ठान्ने अभिभावक पनि खराब नतिजाका दोषी हुन् । समय समयमा स्कूल गएर अभिभावकले आफ्ना बालबालिकाको पढाई कस्तो छ ? बुझ्नु पर्छ । स्कूल जान्छु भनेर बालबालिका अन्तै पो जान्छ कि ? कक्षा कार्य गर्छन् गर्दैनन् ? विद्यालयको कार्यक्रममा भाग लिन्छन् लिदैनन् ? समय समयमा गएर बुझ्नु पर्छ । अभिभावकले केटाकेटीलाई स्वस्थ्यकर खानपान, भावनात्मक सुरक्षा, शैक्षिक सामाग्रीको अभाव हुन दिनु हुन्न । समय समयमा प्रअ तथा विषय शिक्षकलाई भेटेर अभिभावकले आफ्ना बालबालिकाको शैक्षिक अवस्था बुझिरहँदा पनि नतिजा राम्रो भएको प्रमाण प्रशस्तै भेटिन्छ । विद्यालयको सर्वपक्षीय विकासको लागि समेत अभिभावकको ठूलो भूमिका हुन्छ ।

विद्यालयको सबैभन्दा महत्वपूर्ण समुदाय भनेका विद्यार्थी हुन् । किनकि विद्यार्थी भएकोले त्यहाँ विद्यालय चाहिएको हो । भवन, फर्निचर, शैक्षिक सामग्री, छात्रबृत्ति, शैक्षिक जनशक्ति सबै चाहिएको हो । प्रअ, शिक्षक, विब्यस, शिअसं सबैको व्यवस्था विद्यार्थीकै लागि भएको हो । विद्यालय वित्तीय संस्था होइन । यो राजनीतिक संस्था पनि होइन । यो एउटा विशुद्ध शैक्षिक संस्था हो । यो एउटा सेवा गर्ने ठाउँ हो । राजनीति गर्ने र पैसा कमाउने ठाउँ होइन । त्यसैले यहाँ काम गर्छु भनेर आउनेले पठनपाठनलाई नियमित व्यवस्थित र प्रभावकारी बनाउन सक्नु पर्छ । बिदाको दिनभन्दा कार्यदिन लाई बढाउनु पर्छ । किनकि विद्यालयमा जति बढि कार्य दिन हुन्छ त्यति बढी यसको नतिजा राम्रो आउँछ । सबै विषयका शिक्षक सुनिश्चित नभएसम्म रिजल्ट बन्दैन । बरण्डामा जुत्ता बजाउँदै शिक्षकलाई थर्काएर पदावधि काट्नु भन्दा कहाँ कहाँ पुगेर हुन्छ सबै विषयको शिक्षकको व्यवस्था गर्नु विब्यस सक्रिय हुनुपर्छ । पठनपाठनमा बाधा पुऱ्याउँने भौतिक व्यवधान हटाउनु पर्छ । राम्रा जति सबैलाई हाम्रा बनाउन चाहिने फराकिलो मन दलहरुमा बढी मुस्किलले भेटिन्छ । विद्यालयलाई हाम्रा मानिसले भन्दा राम्रा मानिसले भर्नु पऱ्यो । अनि मात्र नतिजा सुध्रिन्छ । कसैले कसैलाई फत्तुर लगाउनु पर्दैन ।

हामी कहाँ हरेक दलले आफू निकट शिक्षकहरुको लागि एक एक थान पेसागत संगठन खोलिदिएका छन् । दलकै हितमा ती संगठनले पेसागत मागलाई अघि सारेर यदा कदा ठूल्ठूला आन्दोलन पनि गरिरहन्छन् । कक्षा कोठामा भेटिनु पर्ने शिक्षकहरु विभिन्न बहानामा दलका कार्यक्रममा भेटिन थालेपछि कसरी विद्यार्थीको सिकाइ उपलब्धि माथी जान्छ ? सिकाई उपलब्धि माथि नगएसम्म कसरी नतिजा सुध्रिन्छ ? पेसागत सुबिधाका लागि मरिमेटेर अगाडि बढ्ने शिक्षकहरुलाई पेसागत जिम्मेवारी पूरा गर्न पनि बेसगरी अघि बढ्न कसले प्रेरित गर्ने ? पेसागत संगठनहरुले जवाफ दिनुपर्ने बेला भएन र ? जिविस मकवानपुरका पूर्व सभापति रहिसकेका हाल दिवंगत क. विरबहादुर लामाले एक पटक पेसागत संगठनलाई कामचोर लुक्ने ओडार भनेका थिए । यसलाई पेसागत संगठनका त्यस बेलाका केही पदाधिकारीहरुले मुखले त खण्डन गरेका थिए तर यो कामले खण्डन गर्नुपर्ने आरोप थियो । पेसाप्रति जिम्मेवार भएर खण्डन नगरेसम्म त्यो आरोपको भारी पन्छिन सक्तैन भन्ने धेरैको बुझाई छ । शिक्षकलाई जिम्मेवारीप्रति प्रतिवद्ध गराउन नसकेसम्म पेसागत संगठनलाई लागेको आरोप बिदा हुँदैन । कतिपय जिल्लामा परीक्षा हल वरिपरि चिट चोराउनेको भिड लाग्ने, सेटिङ्मा एउटा मानिसले अर्काको नाममा परीक्षा दिने, अनियमित गतिविधि गरेकोले परीक्षा गार्डलाई नै निकाल्नुपर्ने जस्ता गतिविधि अहिले केही घटे पनि शुन्य भइसकेको छैन । पुनःपरीक्षा र पुनःप्रयोगबाट प्राप्ताङ्कमा ठूलो मात्रामा भएको तलमाथि देख्दा हामीलाई राष्ट्रिय परीक्षा बोर्डको भागमा पनि केही दोष राख्नु पर्ने बाध्यता पर्छ ।

दरबन्दी मिलान गर्ने ठाउँका मानिस पनि दोषबाट उम्किन पाउँदैनन् । पहिले सरकारले गर्थ्यो अहिले स्थानीय निकायले गर्न पाउँछ । दरबन्दी मिलानका कुरा समय समयमा उठिरहन्छ । तर मान्छे मिलानमा पुगेपछि सबै प्रकृया थन्किन्छ । एउटा विषय पढाउने धेरै शिक्षक एउटै स्कूलमा रहनु र कतै त्यो विषयका एउटा शिक्षक पनि नहुनु यसका उदाहरण हुन । हाम्रो र पैसा बुझाउनेलाई राम्रो भन्ने प्रबृत्तिले नतिजालाई रसातलमा पुऱ्याउँछ । तरकारी चाहियो भनेर भोजका दिन फर्सि रोपेर हूँदैन । समय मैं रोप्नु पर्छ । शैक्षिक सत्रको सुरुवात देखिनै कमजोर सिकाई क्षमताका विद्यार्थी पहिचान गरी अतिरिक्त तथा उपचारात्मक कक्षा नियमित रुपले चलाउँने हो भने नतिजा सुध्रिन्छ । शिक्षामा सम्बन्धित सबै पक्षले आ-आफ्ना भागमा परेका जिम्मेवारीलाई इमान्दारीता पूर्वक पूरा गर्ने हो भने शिक्षामा सुधार आउँन सक्छ । सबैमा जिम्मेवारी बोध र लोकलाजको भावनाको जगमा मात्रै शिक्षाको सुधार सम्भव हुन्छ ।

सारमा जहाँ पढाइ नियमित हुन्छ । त्यहाँ नतिजा राम्रो हुन्छ । जहाँ पढाइ नियमित हुन्न त्यहाँ नतिजा बिग्रिन्छ । विषयगत नतिजा यस्तै हुन्छ । पठनपाठनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले नकारात्मक प्रभाव पार्ने सबै पात्र प्रवृत्ति घटना, परिघटना खराब शैक्षिक नतिजाका दोषी हुन् ।

# हेटौँडा उपमहानगरको शिक्षक बैंकका लागि शिक्षक महासंघको १५ बुँदे सुझाव



*नगर उपप्रमुख बानियाँलाई ध्यानाकर्षणपत्र बुझाउँदै शिक्षक महासंघसहित विभिन्न संगठनका शिक्षक नेताहरु ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले स्थापना गर्न लागेको शिक्षक बैंकसम्बन्धी कार्यविधिमा शिक्षक महासंघले १५ बुँदे सुझाव पेश गरेको छ। शिक्षक महासंघले अन्य शिक्षक संगठनहरुको समेत सहभागितामा ६ बुँदामा शिक्षक बैंक स्थापनाको प्रयासलाई सकारात्मक समेत भनेको छ ।

नेपाल शिक्षक महासंघ हेटौँडा उपमहानगर समितिका अध्यक्ष दीपक अधिकारीको नेतृत्वमा शिक्षकको एक समूहले सोमबार हेटौँडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँलाई ध्यानाकर्षणपत्र बुझाएको हो । महासंघले नगरप्रमुख मीना कुमारी लामालाई नै ध्यानाकर्षणपत्र बुझाउने तयारी गरे पनि नगरप्रमुख लामा उपलब्ध नहुनुभएपछि नगर उपप्रमुख बानियाँलाई ध्यानाकर्षणपत्र बुझाइएको हो ।

शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि-२०८१ मा शिक्षक लामो अवधिको विदामा रहने अवस्थामा सिकाई क्षतिको परिपूरणका लागि तत्काल शिक्षक व्यवस्थापन हुनु, विद्यालयलाई शिक्षक छनोटका लागि हुने व्ययभारको अन्त्य हुनु, बालविकास सहजकर्ता र कर्मचारीको परीक्षाका लागि पाठ्यक्रम तयार हुनु, विषयविज्ञ गोलाप्रथाबाट छनोट हुनु, सूचीकृत विज्ञलाई अन्य शैक्षिक तथा प्राज्ञिक कार्यमा प्रयोग गर्न सकिने भनी उल्लेख हुनु र पारदर्शी हुने प्रयास गर्नुलाई शिक्षक महासंघले सकारात्मक भनेको छ ।

शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि बनाउँदा सरोकारवालासँग परामर्श नगर्नुलाई कमजोरीको रुपमा व्याख्या गर्दै महासंघले शिक्षक रिक्त रहने विद्यालयको सन्दर्भमा सरुवा भएर आउन चाहने शिक्षकलाई प्राथमिकता दिनुपर्ने, विषयविज्ञको योग्यताको विषयमा पनि महासंघले सुझाव दिएको छ। बालविकास सहजकर्ताका लागि विषयविज्ञ हुन मन्टेश्वरी वा प्रारम्भिक बालविकास सम्बन्धी कम्तिमा तीन महिने तालिम लिएको हुनुपर्ने, प्राविधिक विषयको शिक्षक छनोट भन्दा बाहेक सबै विषयका विषयविज्ञ शिक्षक सेवा आयोगबाट सिफारिस भएको हुनुपर्ने, कार्यविधिको दफा ८ को उपदफा ५ मा उल्लेख भएअनुसार विज्ञ उपलब्ध नभएमा शिक्षा विकास तथा समन्वय इकाई तथा अन्य पालिकामा सूचीकृत विज्ञहरु मध्येबाट परीक्षा समितिले नै गोलाप्रथाद्वारा छनोट गर्नुपर्ने महासंघको सुझाव छ ।

यस्तै परीक्षा समितिले परीक्षाको मर्यादा भंग गरेमा हुने कारवाहीको व्यवस्था गर्नुपर्ने, शिक्षक नियुक्ति कसले गर्ने भन्ने स्पष्ट हुनुपर्ने, पारिश्रमिक शिक्षक सेवा आयोगले निर्धारण गरेबमोजिम हुने भनी व्यवस्था गर्नुपर्ने, परीक्षाको अनुगमनका लागि पालिकाको सामाजिक विकास समितिको संयोजकको संयोजकत्वमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट शिक्षा समितिले तोकेको एकजना र शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि एकजना सदस्य हुने व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ ।

नेपाल शिक्षक महासंघ हेटौँडा उपमहानगरपालिका समितिका अध्यक्ष दीपक अधिकारी, नेपाल राष्ट्रिय शिक्षक संगठन हेटौँडा उपमहानगर कमिटीका अध्यक्ष गोपीरमण प्याकुरेल, नेपाल शिक्षक महासंघ हेटौँडा उपमहानगर समितिका अध्यक्ष मन्दिरा घिमिरेको हस्ताक्षरसहित उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँलाई ध्यानाकर्षणपत्र बुझाइएको छ ।

ध्यानाकर्षणपत्र बुझ्नुभएपछि उपप्रमुख राजेश बानियाँले सरोकारवाला सबै पेशागत संस्थासँग सहकार्य गरेर सुधार गरेर अगाडि बढ्ने बताउनुभयो । सबैको एउटै उद्देश्य शिक्षा क्षेत्रको सुधार गर्नु रहेको उल्लेख गर्नुहुँदै उपप्रमुख बानियाँले कार्यविधि कसरी कार्यपालिकामा आयो र कसरी पारित भयो भन्ने थाहा नै नभएको जीकिर गर्नुभयो । शिक्षकको प्रतिनिधिको पनि सहभागिता सुनिश्चित गर्नुपर्नेमा उपप्रमुख बानियाँ सहमत हुनुहुन्छ ।

## सरकारको अनुभूति...

अपराध र अपराधका प्रवृत्तिको बढ्दो ग्राफ छ भने, अर्कोतर्फ सिमित स्रोत साधनको उच्चतम प्रयोग गरी ती चुनौतीको सामना गर्नु परेको छ', मन्त्री लामिछानेले भन्नुभयो- 'प्रहरी जनशक्तिलाई प्रविधिमैत्री ज्ञान हासिल गर्न सक्ने वातावरण बनाई अपराध नियन्त्रणमा लाग्नु महत्वपूर्ण रहेको छ ।' नेपाल प्रहरी अपराध नियन्त्रण, रोकथाम, कानुन कार्यान्यवन तथा सार्वजनिक सुव्यवस्था कायम तथा सार्वजनिक सम्पत्तिको रक्षा र नागरिकको दुःखको सहयोगीको रुपमा अग्रपंक्तिमा रहेको उहाँने बताउनुभयो ।

### २० करोड लागतमा प्रदेश प्रहरीको भवन

बागमती प्रदेश प्रहरी कार्यालयको सुविधासम्पन्न ३ तले भवनको उद्घाटन गरिएको छ । बुधबार एक समारोहका बिच प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश प्रहरी कार्यालय हेटौंडाको नवनिर्मित भवनको उद्घाटन गर्नुभएको हो ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट विनियोजित २ चरणको बजेटबाट उक्त भवनको निर्माण गरिएको हो । दुई चरण गरी २० करोड ५४ लाख ५२ हजार रुपैयाँ लागतमा भौतिक संरचनाको निर्माण सम्पन्न गरिएको छ । प्रदेश प्रहरी कार्यालय हेटौंडाको ७ बिगाहा ४ कठ्ठा क्षेत्रफलभित्र आरसीसी फ्रेम स्ट्रक्चर अवधारणाअनुसार ५ हजार ५ सय ४३ वर्गमिटर क्षेत्रफलमा बेसमेन्टसहित साढे पाँच तले कार्यालय ब्यारेक भवन निर्माण गरिएको हो ।

मन्त्रालयबाट स्ट्रक्चरसहित ४ करोड ९७ लाख १ हजार रुपैयाँ लागत अनुमान तयार गरिएको उक्त भवनको मूल्य अभिवृद्धि करसहित ३ करोड ३ लाख २४ हजार रुपैयाँमा निर्माण सम्पन्न गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । पहिलो चरणमा २०७८ वैशाख २६ गते आरआर उर्वन विल्डर्स एण्ड सप्लायर्सले भवन निर्माण सम्झौता गरेको थियो भने दोस्रो चरणमा १७ करोड ५१ लाख २७ हजार रुपैयाँमा निर्माण सम्पन्न गर्ने गरी २०७८ चैत्र २८ गते हनुमान कन्ट्रक्सन हेटौंडाले बाँकी कामको निर्माण सम्झौता गरेको थियो ।

उक्त भवनको भौतिक पूर्वाधारहरुको निर्माण कार्यको लागि प्रहरी प्रधान कार्यालय भौतिक पूर्वाधार निर्देशनालयबाट २५ करोड ३० लाख ७२ हजार रुपैयाँको लागत अनुमान बहुबर्षीय योजनाअन्तर्गत स्वीकृत गरिएको थियो ।

# प्रतिफल सहकारीद्वारा बालगृहलाई खाद्यान्न वितरण



*खाद्यान्न सामग्री हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-२ स्थित प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले हेटौंडा-५, सानोपोखरास्थित हाम्रो घर बालगृहलाई खाद्यान्न सामग्री सहयोग गरेको छ । बुधबार सहकारीले १२ औँ वार्षिकोत्सवको अवसरमा बालगृहलाई खाद्यान्न सहयोग गरेको हो ।

जिल्ला सहकारी संघ मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ र प्रतिफल सहकारीका अध्यक्ष दिलिश गोविन्द जोशीले बालगृहमै पुगेर सञ्चालक इन्दिरा न्यौपानेलाई खाद्यान्न सामग्री हस्तान्तरण गर्नु भएको हो । १० हजार रुपैयाँ बराबरको चामल, दाल, तेल, तरकारी, चाउचाउ र बिस्कुट सहयोग गरिएको सहकारी व्यवस्थापक विनोद पौडेलले जानकारी दिनुभयो । बालगृहमा ३५ जना बालबालिका रहेका छन् । सहकारीमा एक हजार ९ सय सेयर सदस्य रहेका छन् ।

# वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम



*रक्तदान गर्दै रक्तदाता ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-२ स्थित प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १२ औँ वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ। बुधबार आयोजना गरिएको रक्तदान कार्यक्रममा ३९ जनाले रक्तदान गरेका छन् ।

कार्यक्रममा १२ जना महिला र २७ जना पुरुषले रक्तदान गरेका रक्तसञ्चार केन्द्रका प्राविधिक विष्णु रिमालले जानकारी दिनुभयो । कार्यक्रममा जिल्ला सहकारी संघ मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो। प्रमुख अतिथि श्रेष्ठले पनि रक्तदान गर्नुभएको थियो । सहकारीले वार्षिकोत्सवको अवसरमा हरेक वर्ष रक्तदान कार्यक्रम गर्दै आएको छ । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको छ ।

यस्तै आगामी महिना भदौ २ गते हेटौँडा-६ स्थित कृष्ण प्रणामी मन्दिर र भदौ ८ गते हेटौँडा-४ स्थित कृष्ण प्रणामी मन्दिरमा रक्तदान कार्यक्रम आयोजना गरिँदै छ ।

# इफ्सामा न्यौपाने सर्वसम्मत

समाज संवाददाता



हेटौँडाः विश्वविद्यालय तहमा वनविज्ञान विषय अध्ययनरत विद्यार्थीहरुको अन्तर्राष्ट्रिय संस्था अन्तर्राष्ट्रि वनविज्ञान विद्यार्थी संगठन (इफ्सा) हेटौँडाको अध्यक्षमा कृषि तथा वनविज्ञान विश्वविद्यालय अन्तर्गत वनविज्ञान संकायमा स्नातक तह तेस्रो वर्षका विद्यार्थी सरोज न्यौपाने चयन हुनुभएको छ। मंगलबार हेटौँडामा सम्पन्न वार्षिक सभाबाट न्यौपानेको अध्यक्षतामा १३ सदस्यीय समिति सर्वसम्मत निर्वाचित भएको हो ।

ईफ्सा हेटौँडाको उपाध्यक्षमा सुजित चिलवाल, सचिवमा दिपेश श्रेष्ठ, उपसचिवमा कुसुम कुमारी खड्का, कोषाध्यक्षमा डेनिसा पौडेल, कार्यक्रम संयोजकमा पूर्णिमा भुषाल र कृष्णदीप ढुंगाना, प्राविधिक संयोजकमा रितेश चौधरी र छत्र शाही, सदस्यमा मनिष कँडेल, वीरेन्द्र रोकाया, सुदीप भुषाल र सुष्मा बोगटी चयन हुनुभएको छ । नवनिर्वाचित समितिको कार्यकाल एक वर्षको हुनेछ ।

संस्थापक अनिल सुवेदीको अध्यक्षताको समितिले पहिलो अधिवेशन आयोजना गरेर नयाँ नेतृत्वलाई ईफ्सा हेटौँडाको स्वामित्व हस्तान्तरण गरेको हो। ईफ्सा हेटौँडाका निवर्तमान समितका कार्यवाहक सचिव सिर्जना पौडेलका अनुसार हेटौँडास्थित त्रिभुवन विश्वविद्यालय अन्तर्गतको वनविज्ञान क्याम्पस र कृषि तथा वनविज्ञान विश्वविद्यालयअन्तर्गतको वनविज्ञान क्याम्पसमा अध्ययनरत विद्यार्थीको सहभागितामा ईफ्सा हेटौँडा स्थापना गरिएको हो ।


ईफ्सा हेटौँडाको वार्षिक सभाको अवसरमा नमूना संसदको अभ्यास समेत गरिएको थियो। हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा उद्घाटन भएको नमूना संसद अभ्यासमा सभामुखको भूमिकामा आशिष कुँवर रहनुभएको थियो । त्रिभुवन विश्वविद्यालय र कृषि तथा वनविज्ञान विश्वविद्यालयअन्तर्गत हेटौँडामा रहेका दुईवटा क्याम्पसमा स्नातक तहमा छ सयभन्दा बढी विद्यार्थी वनविज्ञान विषय अध्ययनरत छन् ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



### इन्डिपेन्डेन्ट डे फुटबलको फाइनल आज

# उपाधिका लागि हेटौंडा फुटबल एकेडेमी र बरमेक क्लब भिड्दै

समाज संवाददाता

हेटौंडाः छिमेकी मुलुक भारतको सिक्किममा जारी ७८ औं संस्करणको इन्डिपेन्डेन्ट डे फुटबल प्रतियोगिताको फाइनल खेल आज बिहीबार हुँदैछ । फाइनल खेलमा मकवानपुरको हेटौंडा फुटबल एकेडेमी र वेष्ट बंगालको बरमेक क्लबबीच प्रतिस्पर्धा हुनेछ । दुबै टिम जीतको लक्ष्य लिएर उपाधि होडका साथ मैदानमा उत्रनेछन् ।

सिक्किमस्थित मुनसुङ खेल मैदानमा हुने प्रतियोगिताको फाइनल खेल दिउँसो २ बजेबाट सुरु हुनेछ । फाइनलमा पुगेको हेटौंडा फुटबल एकेडेमीले उपाधि जितेर नेपाललाई चिनाउने लक्ष्य लिएको छ । ७७ औं संस्करणको प्रतियोगिताको उपविजेता बनेको एकेडेमीले यसवर्षको प्रतियोगितामा उपाधि उचालेरै छाड्ने योजना बनाएको क्लबका प्रशिक्षक तथा अध्यक्ष भीम लामाले जानकारी दिनुभयो । खेलाडीहरुलाई राम्ररी प्रशिक्षण दिएका कारण फाइनलसम्मको यात्रा पूरा गरेको र उपाधि जित्ने विश्वास रहेको प्रशिक्षक लामाले दावी गर्नुभयो ।

आइतबार भएको पहिलो सेमिफाइनल खेलमा भारतको मामरिङ सिक्किम क्लबलाई २-१ गोलले हराउँदै हेटौंडा फुटबल एकेडेमीले फाइनलको यात्रा पूरा गरेको हो । बुधबार भएको अन्तिम सेमिफाइनल खेलमा कालेबुङ एकेडेमीलाई टाइब्रेकरमा ४-३ गोल अन्तरले हराउँदै बरमेक क्लबले फाइनल यात्रा पूरा गरेको हो ।

मुरमोसङ चिङ्चोक युथ क्लबको आयोजनामा गत अगष्ट १ गेतबाट सुरु भएको प्रतियोगितामा १९ वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा नेपालबाट हेटौंडा फुटबल एकेडेमी मात्र सहभागी रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# टीआरसी विधेयक पारित

काठमाडौंः संक्रमणकालीन न्यायसम्बन्धी (टीआरसी) विधेयक प्रतिनिधि सभाबाट पारित भएको छ । कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले प्रस्तुत गरेको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक'लाई बुधबार प्रतिनिधिसभाको बैठकले बहुमतबाट पारित गरेको हो ।

बुधबार प्रतिनिधिसभामा निर्णयार्थ पेश हुँदा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालबाहेक अरु सांसदले विधेयक पारितको पक्षमा मत दिए । प्रधानमन्त्री केपी शर्मा ओलीका अनुसार अबको दश दिनभित्र यो विधेयकलाई कानुनमा रुपान्तरित गर्ने सरकारको लक्ष्य छ । प्रतिनिधि सभाबाट पारित भएको विधेयक राष्ट्रिय सभामा जान्छ । राष्ट्रिय सभाबाट पारित भएर पुनः प्रतिनिधि सभामा आउँछ र सभामुखबाट प्रमणित भएर प्रमणीकरणका लागि राष्ट्रपतिकहाँ पठाइन्छ । राष्ट्रपतिले प्रमणीकरण गरेपछि कानून बन्नेछ । सरकारले २५ फागुन २०७९ मा यो विधेयक प्रतिनिधिसभामा दर्ता गरेको थियो । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार कानुन समितिले विधेयक पास गर्नुअघि मुख्य विवादित विषयमा प्रमुख तीन राजनीतिक दल कांग्रेस, एमाले र माओवादीका शीर्ष नेताहरुले विवादित विषयमा सहमति जुटाएका थिए ।

### बकैयामा ९ ए साइड फुटबल प्रतियोगिता सुरु

# आयोजक 'ए'को विजयी सुरुवात

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर ५ स्थित भडौरामा ९ ए साइड फुटबल प्रतियोगिता सुरु भएको छ । सिमातमाई डाँफे युवा क्लबको आयोजनामा सुरु प्रतियोगिताको बुधबार बागमती प्रदेश सरकारका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले उद्घाटन गर्नुभयो ।

प्रतियोगितामा आयोजक 'ए'ले विजयी सुरुवात गरेको कार्यक्रम सञ्चालक दिपेश घिमिरेले जानकारी दिनुभयो । बुधबार भएको उद्घाटन खेलमा आयोजक 'ए'ले हात्तीखोला एफसीलाई टाइब्रेकरमा ३-२ गोलले हराएको हो । निर्धारित खेल समय २-२ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो ।

प्रतियोगिताअन्तर्गत बिहीबार तीन खेल हुनेछ । बिहीबारको पहिलो खेलमा छतिवन एफसी र हर्कटिनी एफसीबीच बिहान ९ बजे प्रतिस्पर्धा हुनेछ । दिउँसो २ बजे ठूलोदमार एफसी र घयादमार एफसीबीच र दिउँसो ३ बजे उच्च कुडुले शिखरपुर एफसी र भित्रिश्वारा एफसीबीच प्रतिस्पर्धा हुनेछ ।

भदौ ८ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा २८ टिम सहभागी छन् । प्रतियोगिताको विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

क्लबका अध्यक्ष अर्जुन खड्काको सभाध्यक्षतामा भएको प्रतियोगिता उद्घाटन कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री, बकैया-५ की वडाध्यक्ष लक्ष्मी जिम्बा, ७ नम्बरका वडाध्यक्ष मानबहादुर सिंतान र बकैया खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङलगायतको आतिथ्य रहेको थियो ।

# तेस्रो संस्करणको पिप्ले क्याम्पा भेट्रान्स भदौ २४ गतेबाट

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको रोटरी मकवानपुर पिप्ले क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता आगामी भदौ २४ गतेबाट सुरु हुने भएको छ । रोटरी क्लब मकवानपुरको आयोजना, पिप्ले युवा क्लबको सहआयोजना तथा हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा भदौ २४ गतेबाट ३१ गतेसम्म प्रतियोगिता हुने भएको हो ।

बुधबार हेटौंडामा पत्रकार सम्मेलन आयोजना गर्दै रोटरी क्लब अफ मकवानपुर वर्ष २०२४/०२५ का अध्यक्ष अनिल अग्रवालले आठ वर्षको अन्तरालमा खेलकुदमा पनि रोटरी भन्ने अन्तर्राष्ट्रिय नारालाई सार्थक बनाउँदै रोटरी क्लबको जलन प्राथमिक उपचार निर्माण अभियानलाई सहयोग जुटाउने उद्देश्यले आर्थिक संकलनका लागि प्रतियोगिता अयोजना गर्न लागेको बताउनुभएको हो । हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुने प्रतियोगितामा रोट्र्याक्ट क्लब अफ मकवानपुरको सहकार्य रहनेछ ।

प्रतियोगितामा हेटौंडा भेट्रान्स क्लब, सिमरा भेट्रान्स क्लब, वीरगञ्ज भेट्रान्स क्लब, निजगढ भेट्रान्स क्लब, पूर्वेली भेट्रान्स क्लब, काठमाडौंको फ्रिडम फाइटर भेट्रान्स क्लब, नवलपरासी जिल्लाको अभिषेक चर्च भेट्रान्स क्लब, हेटौंडाकै रोटरी पिप्ले भेट्रान्स क्लब, जीतपुर सिमरा उपमहानगरपालिकाको नवजागृति भेट्रान्स क्लब, पर्सा जिल्लाको युनिटी भेट्रान्स क्लब, सर्लाही जिल्लाको हरिवन भेट्रान्स क्लब, काठमाडौंको सानोगौचरण नाइटकिङ भेट्रान्स क्लब, चितवन जिल्लाको चितवन भेट्रान्स क्लब र पोखरा महानगरपालिकाको पोखरा भेट्रान्स क्लब गरी करिब १५ क्लबहरुको सहभागिता रहनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख २ हजार २ सय २२ रुपैयाँ र उपविजेता टिमले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा सर्वोकृष्ट प्रशिक्षकले १० हजार रुपैयाँ, सर्वोकृष्ट खेलाडीले ५ हजार रुपैयाँ, सर्वोकृष्ट गोलरक्षक, डिफेन्स, मिडफिडर र फरवाडले ५-५ हजार रुपैयाँ नगद राशि प्राप्त गर्नेछन् । प्रतियोगिताका लागि करिब १८ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । पहिलो र दोस्रो संस्करणको प्रतियोगिताको प्रथम पुरस्कार एक लाख रुपैयाँ र द्वितीय पुरस्कार ७५ हजार रुपैयाँ रहेकोमा यस वर्षबाट पुरस्कारको रकम बढाइएको हो । वि.स. २०७२ सालको पहिलो संस्करण र २०७३ सालको प्रतियोगिताको उपाधि चितवन भेट्रान्सले जितेको थियो । पत्रकार सम्मेलनम खेल संयोजक मोहन ढकाल र रोट्र्याक्ट क्लब अफ मकवानपुरकी अध्यक्ष सृजना लामिछानेको उपस्थिति रहेको थियो ।

# व्यवसायीको आन्दोलनमा २० वटा संस्थाको समर्थन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले अस्वभाविकरुपमा राजश्वको दर वृद्धि गरेको भन्दै व्यवसायीले सुरु गरेको आन्दोलनमा २० वटा संस्थाले समर्थन जनाएको छ । मंगलबार र बुधबार विज्ञप्ति जारी गर्दै वस्तुगत संघहरुले व्यवसायीको आन्दोलनलाई समर्थन गरेको हो ।

व्यवसायीको आन्दोलनमा मोवाइल एसोसिएसन अफ नेपाल मकवानपुर, कम्प्युटर एसोसिएसन अफ नेपाल मकवानपुर, जुत्ता चप्पल व्यवसायी संघ मकवानपुर, नेपाल फलफुल तथा तरकारी व्यवसायी संघ मकवानपुर, निर्माण व्यवसायी संघ मकवानपुर, हेटौंडा अटोमोवाइल्स एसोसिएसन मकवानपुर, मकवानपुर हस्तकला संघ, मकवानपुर घरजग्गा व्यवसायी संघ, मकवानपुर भाँडा व्यवसायी संघ, मकवानपुर ग्रील तथा स्टील व्यवसायी संघले समर्थन जनाएको छ ।

यस्तै मकवानपुर सुनचाँदी व्यवसायी संघ, मदिरा व्यवसायी संघ मकवानपुर, मकवानपुर अटो मेकानिक एण्ड इन्जिनियरिङ एसोसिएसन, मकवानपुर अधिकृत विक्रेता व्यवसायी संघ, माछामासु व्यवसायी संघ मकवानपुर, मकवानपुर कस्मेटिक व्यवसायी संघ, मकवानपुर फर्निचर व्यवसायी संघ, कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुर, मकवानपुर क्रसर व्यवसायी संघ, मकवानपुर खाद्यान्न व्यवसायी संघले व्यवसायीको आन्दोलनलाई समर्थन गरेको छ । व्यवसायीको आन्दोलनलाई समर्थन जनाउँदै हेटौंडा उपमहानगर पालिकाले बढाएको राजश्वको दर साविककै कायम राख्न माग गरिएको छ ।

# श्रीमती हत्या गर्ने कैलाशका पाखिन पक्राउ



समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले आफ्नै श्रीमतीलाई बञ्चरो प्रहार गरी हत्या गरेको अभियोगमा कैलाश गाउँपालिकाका एक जना पुरुषलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको कैलाश-५ स्थित काफलडाँडाका २६ वर्षीय मंगलबहादुर पाखिन रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रवक्ता एवम् प्रहरी निरीक्षक ओमप्रसाद पण्डितका अनुसार पाखिनले आइतबार दिउँसो २ बजेर ३० मिनेटको समयमा आफ्नो २० वर्षीया श्रीमती लक्ष्मी पाखिनको हत्या गरेको खुलेको छ । पाखिनले श्रीमतीलाई बन्चरो प्रहार गरेर हत्या गरी घरभन्दा ४ सय मिटर पर कालिखोलास्थित सामुदायिक वनमा बोरामा हाली गाडेको अवस्थामा फेला परेको प्रहरी निरीक्षक पण्डितले बताउनुभयो । उहाँका अनुसार शवलाई ११ टुक्रा बनाई दुई बोरामा हालेको पाइएको छ ।

सोमबार पाखिनले आफ्नो २० वर्षीय श्रीमती लक्ष्मी पाखिनको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिएर घटनास्थललाई सुरक्षित राखिएको थियो । मंगलबार बिहानै जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी निरीक्षक पण्डितको कमाण्डमा शवको मुचुल्कासहित प्रहरी टोली खटिएर अनुसन्धान गरेको थियो । प्रहरीले घटनास्थलमा हत्यामा प्रयोग भएका धारिलो बन्चरो र कपडाहरु पनि बरामद गरेको छ ।

प्रहरीले पाखिनलाई मंगलबार पक्राउ गरी जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतको राखेको छ । पाखिनमाथि बुधबार जिल्ला अदालत मकवानपुरबाट १० दिनको म्याद थप गरी अनुसन्धान सुरु भएको प्रहरी निरीक्षक पण्डितले बताउनुभयो ।

पाखिनविरुद्ध मृतक लक्ष्मीकी बुबा हस्तबहादुर थिङले बुधबार जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दर्ता गरेका छन् । पाखिन दम्पती एक वर्षीया छोरीसहित उक्त घरमा बस्दै आइरहेका थिए । स्थानीयका अनुसार पक्राउ परेका पाखिन यसअघि सुधार केन्द्रमा बसेर आएका हुन् । तर, त्यसको कुनै प्रमाण भने नरहेको र प्रहरीले उक्त रेकर्ड माग गरेको निरीक्षक पण्डितले बताउनुभयो । पाखिनले मानसिक रोगका औषधी सेवन गरिरहेको भने पनि प्रहरीले भने कुनै औषधी फेला नपारेको उहाँले बताउनुभयो ।

# प्राविधिकतर्फको एसईई ग्रेडवृद्धि परीक्षा आज सकिँदै

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को ग्रेडवृद्धि (पूरक) परीक्षाअन्तर्गत प्राविधिक धारतर्फको परीक्षा आज बिहीबार सकिँदैछ । साउन २३ गतेदेखि सुरु भएको परीक्षा साधारण धारतर्फ मंगलबार सकिएको थियो ।

सिद्धार्थ माध्यमिक विद्यालय परीक्षा केन्द्रमा प्राविधिक धारतर्फका विद्यार्थीको ग्रेडवृद्धि परीक्षा सञ्चालन भइरहेको छ । मकवानपुर जिल्लाका एक सय एक जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् । प्राविधिकतर्फको ग्रेडवृद्धि परीक्षाका लागि आवेदन फारम भरेका एक सय ६ जनामध्ये ५ जना विद्यार्थी परीक्षामा अनुपस्थित भएको परीक्षा फोकल पर्सन सरला अधिकारीले जानकारी दिनुभयो ।

ग्रेडवृद्धि परीक्षाको पहिलो दिन (गत बुधबार) अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको थियो । अनिवार्य अंग्रेजीको ग्रेडवृद्धि परीक्षाका लागि मकवानपुर जिल्लाबाट एक हजार ६ सय ४ जना विद्यार्थीले फारम भरेकोमा एक हजार ५ सय १० जना विद्यार्थी परीक्षामा उपस्थित भएका थिए । ९४ जना विद्यार्थी भने अनुपस्थित भएका छन् ।

दोस्रो दिन गत बिहीबार अनिवार्य नेपाली विषयको परीक्षा भएको थियो । अनिवार्य नेपालीको ग्रेडवृद्धि परीक्षाका लागि जिल्लाबाट ५ सय ७५ जना विद्यार्थीले फारम भरेको थिए । फारम भरेकामध्ये ६ सय ३१ जना विद्यार्थी परीक्षामा उपस्थित भएका थिए भने ४४ जना विद्यार्थी परीक्षा अनुपस्थित भएका थिए ।

परीक्षाको तेस्रो दिन शुक्रबार अनिवार्य गणित विषयको परीक्षा भएका थियो । परीक्षाका लागि २ हजार ७ सय २७ जनाले परीक्षा फारम भरेकोमा ४७ जना विद्यार्थी अनुपस्थित भएका थिए । परीक्षामा २ हजार ६ सय ८० जना विद्यार्थी उपस्थित भएका थिए ।

शनिबार भएको विज्ञान तथा प्रविधि विषयको परीक्षाका लागि एक हजार ८ सय ३ जनाले परीक्षा फारम भरेकोमा ३८ जना अनुपस्थित भएका हुन् । एक हजार ७ सय ६५ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए ।

आइतबार सामाजिक विषयको परीक्षा भएको थियो । परीक्षाका लागि ९ सय ८५ जनाले परीक्षा फारम भरेकोमा ९ सय ५८ जना उपस्थित भएका थिए । २७ जना विद्यार्थी अनुपस्थित भएका थिए ।

यस्तै, सोमबार ऐच्छिक प्रथम विषयको परीक्षा भएको थियो । परीक्षाका लागि १ हजार ६ सय ९४ जनाले परीक्षा फारम भरेकोमा एक हजार ६ सय ४५ जना विद्यार्थी उपस्थित भएका थिए । परीक्षामा ४९ जना विद्यार्थी भने अनुपस्थित भएका थिए ।

मंगलबार भएको ऐच्छिक द्वितीय विषयको परीक्षाका लागि ९ सय ८२ जनाले परीक्षा फारम भरेकोमा ९ सय ४६ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । ३८ जना विद्यार्थी भने अनुपस्थित भएका थिए ।

मकवानपुर जिल्लाबाट एसईई ग्रेडवृद्धि परीक्षाका लागि ३ हजार ८ सय ५७ जना विद्यार्थीले फारम भरेका थिए । परीक्षाका लागि जिल्लामा ८ वटा केन्द्र तोकिएको थियो । जिल्लाको हेटौंडा उपमहानगरपालिकामा ५ वटा, थाहा नगरपालिका, बकैया गाउँपालिका र मनहरी गाउँपालिकमा एक-एक वटा परीक्षा केन्द्र तोकिएको थियो ।

हेटौंडा उपमहानगरपालिकाको श्रमिक माध्यमिक विद्यालय, सिद्धार्थ माध्यमिक विद्यालय, भूटनदेवी माध्यमिक विद्यालय, बालजागृति ईङ्गलिस बोर्डिङ स्कूल र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा केन्द्र तोकिएको थियो । यस्तै, बकैयाको बुद्ध माध्यमिक विद्यालय हात्तीसुँडे, मनहरी गाउँपालिकाको राष्ट्रिय रोटरी माध्यमिक विद्यालय र थाहा नगर पालिकाको जनकल्याण माध्यमिक विद्यालय पालुङमा केन्द्र तोकिएको थियो ।

# विषादी सेवनबाट देवकोटाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-६ धुरा बजारमा एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ५५ वर्षीय लक्ष्ु देवकोटा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । मंगलबार दिउँसो ४ बजेर १५ मिनेटको समयमा देवकोटाले आफ्नै घरमा विषादी सेवन गरी बिरामी भएका थिए । बिरामी देवकोटालाई उपचारका लागि सिन्धुली अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ